फलेवास नगरपालिका

**नगर कार्यपालिकाको बैठक**

मिति २०७९/१०/१०

**निर्णयहरू**

१. यस नगरपालिकाका नवनिर्मित तथा निर्माणाधीन वडा कार्यालय भवनहरूमा आवश्यकताबमोजिम फर्निचर व्यवस्थापन गर्ने ।

२. भुउपयोग ऐन, २०७६ को दफा २०(१)घ बमोजिम भूउपयोग परिषद्को तर्फबाट देहाय बमोजिमका सरोकारवालाहरू छनौट गर्ने ।

देहाय

भूउपयोग कार्यान्वयन समितिमा छनौट भएका सदस्यहरुको विवरण

| | |
|---|---|
| श्री शोभाकुमारी क्षेत्री (उपमेयर) | सदस्य |
| शारदाकूमारी शर्मा (फलेवास, वडा नं. १०) | सदस्य |
| श्री गोपाल पौडेल (फलेवास, वडा नं. ६) | सदस्य |
| श्री चित्राप्रसाद सापकोटा (फलेवास, वडा नं. ५) | सदस्य |

३. यस नगरपालिकामा रहेका श्रमिक कल्याणकारी कोषमा आवद्ध हुने प्रत्येक वडाबाट छनौट भइ आएका संलग्नबमोजिमका सूचीमा रहेका श्रमिकहरूको विवरण फलेवास नगरपालिकाको श्रमिक कल्याण कोष कार्यविधि, २०७७ बमोजिम स्वीकृत गरी चालू आर्थिक वर्षको साउन महिनादेखि नै कार्यविधि बमोजिमको रकम नागरिक लगानी कोषमा जम्मा गरिदिने ।

४. यस नगरपालिका अन्तर्गत स्थायी वतन भएका व्यक्तिहरु मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरेका ,क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधि उपचार वापत खर्च उपलव्ध गराउने सम्वन्धी कार्यविधि, २०७८ अनुसार कार्यविधिमा उल्लेख भए बमोजिमको रोग लागेका विरामीको रोग निदान भएका मितिका आधारमा संलग्न सूची बमोजिमका लाभग्राही अति विपन्न भएको प्रमाणित गरी निजहरूलाई २०७९ श्रावण देखि औषधि उपचार खर्च मासिक पाँच हजार रुपैया उपलब्ध गराउनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाण्डौंलाई रकम माग गरी पठाउने ।

५. यस नगरपालिकामा नमूना विद्यालय विकास कार्यक्रम भवानी विद्यापिठ माध्यमिक विद्यालय, खानीगाउँ र माटेदेवल जनसहयोगी माध्यमिक विद्यालय, मुडिकुवामा सञ्चालनमा रहेकोमा भवानी विद्यापिठ माध्यमिक विद्यालयमा आर्थिक वर्ष २०७७।०७८ मा शैक्षिक तथा व्यवस्थापकीय कार्यको लागि रु ३४,२४,३७६।- निकासा भएकोमा १५,७५,६७५। फछ्यौट हुन वाँकी रहेको तथा आर्थिक वर्ष ०७८।०७९ को लागि शैक्षिक तथा

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

व्यवस्थापकीय पक्षको विकासको लागि रु ३०,००,००० विद्यालय खातामा निकासा भइ रोक्का रहेकोमा विद्यालय व्यवस्थापन समितिको निर्णय तथा यस कार्यालयमा पेश गरेको प्रस्ताव वमोजिम खर्च गरी पेश्की फछ्यौट गरी रोक्का रहेको रकम फकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले विद्यालयवाट खर्च भएको निम्नानुसारको रकम पेश्की फछ्यौट गरी रकम फुकुवा दिने ।

निम्न

- पूर्व प्रा वि र प्राथमिक तह सञ्चालित भवनको ७ कोठामा जीप्सन राखेको रु १,७०,०००।
- ८ कक्षा सम्म राखिएका फर्निचरहरु रु ८,६१,१६३।
- प्रशासनिक भवनमा राखिएका फर्निचरहरु रु २०,२२,४७४।
- थप शिक्षक व्यवस्थापन रु १५,७५,६२४।
- जम्मा रु ४६२९२६१।

६. माटेदेवल जनसहयोगी माध्यमिक विद्यालय मुडिकुवामा नमूना विद्यालय विकास कार्यक्रमका लागि शैक्षिक तथा व्यवस्थापकीय र भौतिक तर्फका रोक्का रकम फुकुवा नभएकोमा सो रकम फुकुवा दिने ।आर्थिक वर्ष २०७८।०७९ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा विद्यालयमा ICT व्यवस्थापनका लागि रु ६ लाख ५० हजारको दरले निम्न विद्यालयमा रकम विनियोजन भइ रकम प्राप्त भएको तथा यस कार्यालयसँग विद्यालयले सम्झौता गरी विद्यालयको आवश्यकता अनुसार विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार ICT सम्वन्धी सामग्री खरीद गरी दाखिला गरी फछ्यौट को लागि निवेदन पेश गरेकोले निम्न विद्यालयको पेश्की फछ्यौट गरी रोक्का रकम फुकुवा गर्ने ।

निकासा गर्नुपर्ने रकम

| | |
|---|---|
| १. भवानी विद्यापिठ मा वि खानीगाउँ | ६५००००। |
| २. त्रिभुवन मा वि शकरपोखरी | ६५००००। |
| ३. थापाठान मा वि थापाठान | ६५००००। |
| ४. जनसहयोगी मा वि शकरपोखरी | ६५००००। |
| ५. शिशु निकेतन प्रा वि देविस्थान | ६५००००। |

७. माथि उल्लिखित विद्यालयहरूले शिक्षा तथा मानवश्रोत विकास केन्द्रले तय गरेको Specification बमोजिम नभई विद्यालयहरूले आफ्नो आवश्यकताको आधारमा खरिद गरेका ICT सामग्रीहरूको हकमा अनुगमन गरी अनुदान फुकुवा गर्ने ।

८. यस नगरपालिकाका वडा नं. २, ३, ५, ६, ७ र नगरप्रमुखको सचिवालयलाई आवश्यक पर्ने दुई पाङ्ग्रे सवारी साधन खरिद गर्ने ।

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

९. चालू आर्थिक वर्षका लागि लघू उद्यम विकास कार्यक्रम लागू गर्न यसै नगरपालिकाका वडा नं. ५, ६ र १० छनौट गर्ने ।

१०. यस नगरपालिकाका ५ नं. र ७ नं. वडा कार्यालय समेत देविस्थान स्थित जिल्ला आयुर्वेद कार्यालय, पर्वत र अस्थायी प्रहरी चौकी, खानीगाउँलाई स्थायी गरी भवन निर्माणको लागि आवश्यक रहेको घडेरी खरिदको प्रकृया शुरू गर्ने र चालू आर्थिक वर्षमा रकम अभाव भएमा आगामी नगर सभामा रकम विनियोजनको लागि प्रस्ताव गर्ने र नियमानुसारको खरिद प्रकृयाको लागि सम्बन्धित निकायमा लेखी पठाउने ।

११. यस कार्यालयमा कार्यरत अधिकृत इन्जिनियर श्री संजय लामिछानेलाई वेतलबी अध्ययन विदा स्वीकृति गरिदिनको लागि गण्डकी प्रदेश सरकारलाई सिफारिस गरी पठाउने ।

१२. गत आर्थिक वर्ष २०७८/७९ को LISA मूल्यांकनमा कार्यालयले पेश गरेको विवरणको आधारमा प्राप्त अंक ८४.२५ लाई अनुमोदन गरी थप परिक्षणको लागि सम्बन्धित निकायमा पठाउने ।

१३. गत आर्थिक वर्ष २०७८/७९ मा यस नगरपालिका अन्तर्गतका वडा कार्यालयहरूमा बसेका नियमित बैठकहरूको भुक्तानी हुन बाँकी बैठक भत्ता तथा बाँकी भुक्तानी गर्नुपर्ने प्रशासनिक रकम भुक्तानी दिने ।

१४. राष्ट्रिय परिचयपत्र तयार गर्नको लागि विवरण संकलन गर्न आएका कर्मचारीहरूलाई गत आर्थिक वर्षमा विभिन्न वडा कार्यालयहरूले खाजा खाना व्यवस्थापन गरेवापत कार्यालयले दिएको भुक्तानी समर्थन गर्ने ।

१५. बेलचौतारा ट्रस पुल, फलेवास नगरपालिका वडा नं. ३ र चिर्दिखोला सातमुले झोलुङ्गे पुल फलेवास नगरपालिका वडा नं. १०, कुर्घा निर्माणको लागि २०८० साल आषाढ मसान्तसम्म म्याद थप गरी निर्माण कार्य सम्पन्न गर्ने ।

१६. पर्वत बहुमुखी क्याम्पस छात्रावास भवन निर्माणको लागि २०८० आषाढ मसान्तसम्म म्याद थप गर्ने ।

१७. ठानामौला वडा कार्यालय भवन निर्माणको लागि २०८० आषाढ मसान्तसम्म म्याद थप गर्ने ।

१८. फलेवास लिफ्ट सिंचाइ योजनाको २०८० आषाढ मसान्तसम्म म्याद थप गर्ने ।

१९. राष्ट्रपति शैक्षिक सुधार भवन निर्माणका विद्यालयको भवन निर्माण म्याद थप एवम् पुन इष्टिमेट गरी सम्झौता नवीकरण गराई कार्य सम्पन्न गर्न २०८० असार मसान्तसम्म कार्य सम्पन्न गरी रकम फुकुवा गर्ने ।

२०. लिमिठाना वर्थिङ सेन्टर भवन निर्माणको म्याद २०७९ चैत्र मसान्तसम्म थप गरी भुक्तानी गर्ने ।

नेत्रप्रसाद पौडेल
**प्रमुख प्रशासकीय अधिकृत**

१४.

२१. गत आर्थिक वर्ष ०७८/७९ मा सम्झौता भएका सडक बोर्ड तर्फका झकलक शिबमन्दिर टुटुङ्गा राहाले सडक र टंकी प्रमुख प्रशासकीय भवन जाने बाटो मर्मत योजनाको रकम भुक्तानी गर्ने ।

२२. फलेवास नगरपालिकाको नगर अस्पतालको भवन निर्माण आयोजनाको म्याद थप गरी यथासक्य कार्यसम्पन्न हुनेगरी कार्य अघि बढाउने ।

२३. किसानहरूलाई प्रतिफलमा आधारित अनुदान कार्यक्रम अन्तर्गत २०७८ साल माघ १ गतेदेखि २०७९ असार मसान्तसम्मको भुक्तानी रकमलाई अनुमोदन गर्ने ।

२४. कृषि तथा पशुवस्तुको मूल्यश्रृंखला परियोजनामा आधारित साझेदारी कार्यक्रम कार्यान्वयन गर्नको लागि प्रकृया शुरू गर्ने ।

२५. यस नगरपालिका अन्तर्गतका लिमिठाना, ठानामौला, थापाठाना र मुडिकुवा स्वास्थ्य चौकीहरूको भवन निर्माण तथा स्तरवृद्धिको लागि आवश्यक प्रकृया शुरू गर्ने ।

२६. यसै नगरपालिका वडा नं. २ को कार्यालयमा कार्यरत असिष्टेण्ट सब इन्जिनियर श्री बाबुकुमार साहेब बैठाको कार्यालयको काममा नगर कार्यपालिकाको कार्यालयबाट वडा तर्फ जाँदै गर्दा मोटरसाइकल दूर्घटनामा परि गम्भीर घाइते भई स्वास्थ्य लाभ लिइरहेको र निजको पारिवारिक आर्थिक अवस्था समेत निकै कमजोर रहेको बुझिन आएकाले निजलाई रूपैया २ लाख आर्थिक सहयोग गर्ने ।

२७. यस नगरपालिकाको एघारौं नगर सभामा भएको खर्च रू. ७ लाख ३९ हजार ४९ स्वीकृत गरि सम्बन्धित कर्मचारीको पेश्की फर्छ्यौट गर्ने ।

२८. यस नगरपालिकाका कानूनी सल्लाहाकार श्री जगदीश पौडेललाई २०७९ साल साउन महिनादेखि नै लागू हुनेगरी मासिक रू. १००००/- पारिश्रमिक दिने ।

२९. नगर कार्यपालिकाको अर्को बैठक मिति २०७९/१०/२४ गते बस्ने गरी तय गर्ने ।

-0-

२०७९/१०/१०
नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत